कृषि विकास बैंक लिमिटेड

अठारौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०८१/०९/०८ गते)

आदरणीय शेयरधनी महानुभावहरू,

यस बैंकको मिति २०८१/०९/०७ गते ४:३० बजे बेलुका बसेको सञ्चालक समितिको बैठक नं ११३८ को निर्णयानुसार यस बैंकको अठारौं वार्षिक साधारण सभा देहायका विषयहरूमा छलफल तथा निर्णय गर्न देहायको मिति, समय र स्थानमा बस्ने भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरूको जानकारी तथा उपस्थिति लागि कम्पनी ऐन, २०६३ को दफा ६७ बमोजिम यो सूचना प्रकाशित गरिएको छ ।

सभा बस्ने मिति, समय र स्थानः

(१) मिति : २०८१/०९/२९ गते सोमबार (13th January, 2025)
(२) समय : विहान ११:०० बजे
(३) स्थान : कृषि विकास बैंक लि. केन्द्रिय तालिम प्रतिष्ठान बोडे, भक्तपुर ।

छलफलका विषयहरूः

(क) सामान्य प्रस्तावहरू :

(१) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्ने आर्थिक वर्ष २०८०/०८१ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
(२) लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक बर्ष २०८०/०८१ को वासलात, सोही अवधिको नाफा नोक्सान हिसाव, ईक्विटीमा भएको परिवर्तन, नगद प्रवाह विवरण र सो सम्बन्धी अनुसूचीहरू लगायत वार्षिक आर्थिक विवरणहरू छलफल गरी पारित गर्ने ।
(३) यस बैंकको सहायक कम्पनीहरू कोष व्यवस्थापन कम्पनी लि. तथा गोबर ग्याँस कम्पनीको आ.ब. २०८०/०८१ को वित्तीय विवरण सहितको एकीकृत वित्तीय विवरण स्वीकृत गर्ने ।
(४) सञ्चालक समितिको प्रस्ताव बमोजिम साधारण शेयरको चुक्ता पूँजीमा बोनस प्रदान गर्दा बोनश शेयरमा लाग्ने कर प्रयोजन समेत गरि प्रति शेयर ७.५३ (सात दशलमलव पाँच तिन) प्रतिशत नगद लाभांश र अविमोच्य असंचिति अग्राधिकार (Non Cumulative Irredeemable Preference Share) शेयरधनीलाई तोकिए बमोजिमका चुक्ता पूँजीको ६ प्रतिशत नगद लाभांश वितरण गर्न स्वीकृत गर्ने ।
(५) आर्थिक वर्ष २०८१/०८२ को लागि महालेखा परीक्षकको कार्यालयबाट परामर्श प्राप्त हुने लेखापरीक्षकहरूलाई यस बैंकको लेखापरीक्षकमा नियुक्ति गर्ने तथा पारिश्रमिक र सेवा शर्त तोक्ने ।

(ख) विशेष प्रस्तावहरू :

(१) साधारण शेयरधनीहरुलाई साधारण चुक्ता पूँजीको ३ (तिन) प्रतिशत बोनस शेयर प्रदान गर्ने सम्बन्धी संचालक समितिको प्रस्ताव पारित गर्ने ।
(२) विशेष प्रस्ताव नं. (१) बमोजिमको बोनस शेयर प्रस्ताव गरिएकोमा सो समेत समायोजन हुने गरि बैंकको जारी र चुक्तापूँजी वृद्धि गर्ने विषयहरु समावेश गरिएको बैंकको प्रवन्धपत्र र नियमावलीको तत्सम्बन्धि दफा/नियम एवं उप-दफा/उप-नियमहरु संशोधन तथा थप गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने ।
(३) पूँजी वृद्धि सम्बन्धी बैंकको प्रवन्धपत्रको दफा ५ को उप-दफा (२) र (३) तथा दफा ७ को उप-दफा (२) को खण्ड (क) र (ख) मा संशोधन तथा थप गर्ने सम्बन्धी सञ्चालक समितिको प्रस्ताव स्वीकृत गर्ने ।
(४) पूँजी वृद्धि सम्बन्धी बैंकको नियमावलीको नियम ५ को उप-नियम (२) र (३), नियम ७ को उप-नियम (१) को खण्ड (क) र (ख) मा संशोधन तथा थप गर्ने सम्बन्धी सञ्चालक समितिको प्रस्ताव स्वीकृत गर्ने ।
(५) बैंकको नियमावलीको नियम १६मा संशोधन गर्ने सम्बन्धी प्रस्ताव स्वीकृत गर्ने ।
(६) बैंकको प्रबन्धपत्र तथा नियमावलीमा प्रचलित कानून बमोजिम संशोधन गर्नु पर्ने भएमा वा नियमनकारी निकायबाट संशोधन गर्न निर्देशन भएमा आवश्यकता अनुसार सोमा थपघट, परिमार्जन तथा संशोधनका लागि सञ्चालक समितिलाई अख्तियारी दिने ।

(ग) विविध

वार्षिक साधारण सभा सम्बन्धी अन्य जानकारी

(१) बैंकको अठारौ वार्षिक साधारणसभा सम्पन्न गर्ने प्रयोजनका लागी मिति २०८१/०९/१६ गते बैंकको शेयरधनी दर्ता किताव बन्द रहने छ । मिति २०८१/०९/१४ गतेसम्म नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा कारोबार भई प्रचलित कानून बमोजिम बैंकको शेयर रजिष्ट्रार एनआइएमबि एस क्यापिटल लिमिटेडमा प्राप्त विवरणको आधारमा कायम शेयरधनीहरुलेमात्र वार्षिक साधारण सभामा भाग लिन र बोनश शेयर तथा नगद लाभांश प्राप्त गर्न सक्ने छन् ।
(२) वार्षिक साधारणसभामा उपस्थित हुने शेयरधनी महानुभावहरुले सभा हुने दिन शेयरको भौतिक प्रमाणपत्र वा सोको प्रतिलिपी वा शेयरधनी परिचय नम्बर सहित सक्कल नागरिकताको प्रमाणपत्र साथमा लिई आउनुहुन अनुरोध छ । शेयर अभौतिकीकरण गराई सक्नुभएका शेयरधनी महानुभावहरुको हकमा डिम्याट खाता नम्बर र सक्कल परिचयपत्र प्रस्तुत गर्नु पर्नेछ । शान्ति-सुरक्षाको दृष्टिकोणले शेयरधनी महानुभावहरु सभा स्थलमा आउँदा यथाशक्य झोला, व्याग जस्ता वस्तुहरु नलिई आउनु हुन अनुरोध छ । आवश्यक देखिएमा सुरक्षाकर्मीले सुरक्षा जांच गर्न सक्ने हुंदा सो कार्यमा सहयोग गरिदिनुहुन समेत अनुरोध छ ।
(३) शेयरधनी महानुभावहरुको सुविधाका लागि कम्पनी ऐन, २०६३ अनुसारको लेखापरीक्षकको प्रतिवेदन सहितको वार्षिक आर्थिक विवरण, सञ्चालक समितिको प्रतिवेदन तथा वार्षिक साधारणसभा सम्बन्धी अन्य जानकारीहरु यस बैंकको Website: www.adbl.gov.np बाट प्राप्त गर्न सकिने छ । साथै, यस सम्बन्धी विवरणहरु बैंकको मुख्य कार्यालय, रामशाहपथ काठमाडौं र शेयर रजिष्ट्रार एनआइएमबि एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाण्डौबाट समेत शेयर प्रमाणपत्र प्रस्तुत गरी अवलोकन गर्न र प्राप्त गर्न सक्नुहुनेछ ।
(४) शेयरधनी महानुभावहरुले व्यक्त गरेका मन्तव्य वा प्रश्नहरुका सम्बन्धमा संचालक समितिका अध्यक्ष वा निजले तोकेको पदाधिकारीबाट उत्तर दिइनेछ ।
(५) शेयरधनी महानुभावहरुलाई छलफलका विषयहरु मध्ये विविध शीर्षक अन्तरगत छलफल गर्न इच्छुक शेयरधनी महानुभावहरुले छलफललाई व्यवस्थित गर्ने प्रयोजनका लागि सभा हुनु भन्दा कम्तिमा सात दिन अगावै कम्पनी सचिव मार्फत सञ्चालक समितिका अध्यक्षलाई लिखित रुपमा जानकारी दिनु हुन अनुरोध छ ।
(६) सभा शुरु हुने भनी तोकिएको दिन भन्दा कम्तीमा ४ (चार) दिन अर्थात ९६ घण्टा अगावै बैंकको कम्पनी सचिवालयमा कार्यालय समयभित्र प्रतिनिधिपत्र (प्रोक्सी) फारम दर्ता गरी सक्नु पर्नेछ । एक शेयरधनीले एक भन्दा बढी प्रतिनिधिपत्र (प्रोक्सी) नियुक्त गरेको अवस्थामा "मैले यस अघि दिएको सबै प्रतिनिधि पत्र (प्रोक्सी) बदर गरी यो प्रतिनिधि पत्र (प्रोक्सी) लाई मान्यता दिईयोस्" भनी छुट्टै पत्र समेत लेखी पठाइएको रहेछ भने अरु सबै प्रतिनिधि पत्र (प्रोक्सी) बदर भई सोही पत्र साथ दर्ता भएको प्रतिनिधिपत्र (प्रोक्सी) मात्र मान्य हुनेछ । तर एक शेयरधनीले एकभन्दा बढी व्यक्तिलाई प्रतिनिधि (प्रोक्सी) नियुक्त गरी पठाइएको पाईएमा त्यस्ता प्रतिनिधिपत्र (प्रोक्सी) समयमै प्राप्त भए तापनि सबै प्रतिनिधि पत्र (प्रोक्सी) बदर हुनेछ ।
(७) नाबालक वा विक्षिप्त अवस्थाका शेयरधनीका तर्फबाट बैंकको शेयर लगत किताबमा संरक्षकको रुपमा नाम दर्ता भई रहेको व्यक्तिले सभामा भाग लिन वा प्रतिनिधि तोक्न पाउँनेछन् ।
(८) प्रतिनिधि (प्रोक्सी) मुकरर गरी सक्नुभएका शेयरधनी आफै सभामा उपस्थित भई हाजिरी किताबमा दस्तखत गरेमा प्रतिनिधि मुकरर गरिसकेको भएतापनि प्रोक्सी स्वतः बदर हुनेछ ।
(९) कुनै बैंक, वित्त कम्पनी, गुठी, संघ संस्था वा कम्पनीले यस बैंकको शेयर खरिद गरेको अवस्थामा बैंकको प्रवन्धपत्र तथा नियमावलीको अधीनमा रही त्यस्तो संगठीत संस्थाको आधिकारिक पदाधिकारीले खटाएको वा मनोनीत गरेको प्रतिनिधिले सभामा भाग लिन पाउनेछ ।
(१०)शेयरधनी महानुभावहरुको सुविधाको लागि हाजिरी पुस्तिका सभास्थलमा सभा हुने दिन विहान १०:०० बजेदेखि खुला रहने छ । शेयरधनी नम्बरको आधारमा हाजिरी जनाउने व्यवस्था गरिएको हुँदा शेयरधनी महानुभावहरुले आफ्नो शेयरधनी नम्बर वा BOID नम्बर अनिवार्य रुपमा प्रस्तुत गरी दिनु हुन समेत अनुरोध छ ।
(११)यस सम्बन्धमा अन्य कुनै जानकारी आवश्यक परेमा कार्यालय समय भित्र बैंकको मुख्य कार्यालय रामशाहपथ, काठमाडौं स्थित कम्पनी सचिवालयमा सम्पर्क राख्न समेत अनुरोध गरिन्छ ।

संचालक समितिको आज्ञाले
कम्पनी सचिव
कृषि विकास बैंक लि.
मुख्य कार्यालय, रामशाहपथ, काठमाडौं
फोन नं. ०१-५७२११०७

कम्पनी ऐन, २०६३ को दफा ८४ बमोजिम प्रस्तुत कृषि विकास बैंक लिमिटेडको संक्षिप्त वार्षिक आर्थिक विवरण

आर्थिक वर्ष २०८०/०८१
(प्रथम पटक प्रकाशित मितिः २०८१/०९/०८)

आदरणीय शेयरधनी महानुभावहरु,

कृषि विकास बैक लिमिटेडको मिति २०८१/०९/२९ मा सम्पन्न हुने अठारौं वार्षिक साधारणसभाको प्रयोजनार्थ बैंकको आर्थिक वर्ष २०८०/०८१ को वासलात, नाफा नोक्सान हिसाब, अन्य विस्तृत आम्दानीको विवरण, ईक्विटीमा भएको परिवर्तन, नगद प्रवाह विवरण लगायत बैंकको आर्थिक कारोवारको सिंहावलोकन, भविष्यका योजनाहरु र लेखापरीक्षकबाट लेखापरीक्षण प्रतिवेदनमा उल्लेखित कैफियतहरुको सम्बन्धमा संचालक समितिको निर्णय निम्नानुसार रहेको व्यहोरा यस संक्षिप्त वार्षिक आर्थिक विवरण मार्फत यहाँहरुलाई जानकारी गराउँदछौं ।

बैंकको कारोवार तथा वित्तीय स्थिति

आर्थिक वर्ष २०८०/०८१ र चालु वर्षको प्रथम त्रैमाससम्मको कार्य सम्पादनको संक्षिप्त विवरण प्रस्तुत गरिएको छ । कृषि विकास बैक लि.समूहको वित्तिय विवरणमा ९३.४५ प्रतिशत स्वमित्व भएको सहायक कम्पनी कोष व्यवस्थापन लिमिटेडको वित्तिय विवरण संलग्न गरी प्रस्तुत गरिएको छ । बैंकको ८३.९६ प्रतिशत स्वामित्व रहेको गोबर ग्यास कम्पनीमा लगानी भएको रु. ३२ लाख ४१ हजारको शत प्रतिशत नोक्सानी व्यवस्था गरिएको छ । कोष व्यवस्थापन कम्पनी लि.को आर्थिक वर्ष २०८०/०८१ को वार्षिक साधारण सभा सम्पन्न भईसकेको छ । सो कम्पनीमा बैंकले रु.२ करोड ९० लाख १३ हजार लगानी गरेर रु. २५ करोड ४५ लाख खुद सम्पति नयन्त्रण गरेको छ भने शेयरधनी कोषमा रु. २७ करोड २४ लाख कायम रहेको छ

आर्थिक वर्ष २०८०/८१ को आषाढ मसान्तमा बैंकको निक्षेप रकममा २०.९६ प्रतिशतले वृद्धि भई रु. २४३ अर्व ८३ करोड पुगेको, कर्जा तथा सापटमा १३.०५ प्रतिशतले वृद्धि भई रु. २०६ अर्व ६८ करोड पुगेको छ भने सोही अवधिमा बैंकको लगानी रकममा ३२.८५ प्रतिशतले वृद्धि भई रु. ६९ अर्व ८६ करोड कायम भएको छ । कुल कर्जा तथा सापटमा निष्कृय कर्जाको अनुपात गत आर्थिक वर्षको २.७८ प्रतिशतमा वृद्धि भई आर्थिक वर्ष २०८०/०८१ को वर्षान्तमा ३.९१ प्रतिशत कायम हुन पुगेको छ । आर्थिक वर्ष २०७९/०८० मा जोखिम भारित सम्पत्तिमा कुल पुंजी कोष अनुपात १४.२४ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०८०/०८१ को आषाढ मसान्तमा १२.७४ प्रतिशत कायम रहेको छ । आर्थिक वर्ष २०८०/०८१ को आषाढ मसान्तमा बैंकको शेयरधनी (अग्राधिकार शेयर पूँजी बाहेक) कोषमा ८.२७ प्रतिशतले वृद्धि भई रु. ३० अर्व ७१ करोड कायम रहेको छ । त्यसैगरी खुद व्याज आम्दानी गत आर्थिक वर्षको तुलनामा २८.७६ प्रतिशतले बृद्धि भई रु. १०५५ करोड पुगेको छ ।
बैंकको वित्तीय अवस्थाको विश्लेषण गर्दा कुल निक्षेप २०८१ साल आषाढ मसान्तमा रु. २४३ अर्व ८२ करोड रहेकोमा २०८१ साल प्रथम त्रैमासमा उक्त रकममा रु. १६ अर्व ८२ करोडले वृद्धि भई रु. २६० अर्व ६४ करोड करोड कायम भएको छ । कर्जातर्फ २०८१ आषाढ मसान्तमा बैंकको लगानीमा रहेको कर्जा २०६ अर्व ६८ करोड रहेकोमा २०८१ प्रथम त्रैमासमा उक्त रकममा ४४ करोड अर्थात ०.२१ प्रतिशतले कमि भई रु. २०६ अर्व २४ करोड कायम रहेको छ । बैंकले चालु आर्थिक वर्षको स्वीकृत बजेट तथा कार्यक्रम अनुसार निर्धारण गरिएका लक्ष्यहरु हासिल हुने गरी कार्यक्रम संचालन गरेको छ ।

आ.व. २०८०/८१ मा बैंकको प्रगति विवरण (रु. हजारमा)

वार्षिक परिणामहरु	इकाई	आ.व. २०८०/८१	आ.व. २०७९/८०	फरक (घटी/बडी) %
खुद ब्याज आम्दानी	रु. हजारमा	१०,५५२,७८२	८,१९५,६५९	२९%
कुल संचालन आम्दानी	रु. हजारमा	१२,२२०,२७८	९,६९८,२३८	२६%
संचालन मुनाफा	रु. हजारमा	४,१३८,८५८	३,१३६,५६४	३२%
वर्षान्तको अवस्था				
शेयरधनी कोष	रु. हजारमा	३०,७०७,२३६	२८,३६०,९४१	८%
निक्षेप	रु. हजारमा	२४३,८२५,६७७	२०१,५८२,५३४	२१%
कुल कर्जा तथा सापट	रु. हजारमा	२०६,६७८,१६७	१८२,८१५,०७३	१३%
कुल लगानी	रु. हजारमा	६९,८५६,४२४	५२,५८१,०८०	३३%
कुल सम्पत्ति	रु. हजारमा	३११,३७५,४३४	२६५,६७०,९७९	१७%
प्रति शेयर सूचना				
शेयर पुंजीमा लाभांश (नगद समेत)	**प्रतिशत**	१०.५३	०	
वर्षान्तमा प्रति शेयर किताबी मूल्य	रु. मा	२२५.८५	२१०.८४	७%
वित्तीय अनुपातहरु				
स्थिर सम्पत्तिमा संचालन मुनाफा	प्रतिशत	१८४.९%	१३६.९%	४८%
कर्जा सम्पत्तिको अनुपातमा मुनाफा	प्रतिशत	१.४०%	०.७२%	०.६८%
कुल सम्पत्तिको अनुपातमा मुनाफा	प्रतिशत	०.९३%	०.५%	०.४३%
जोखिम भारित सम्पत्तिमा प्राथमिक पूँजीको अनुपात	प्रतिशत	११.२१%	१२.२४%	-१.०३%
जोखिम भारित सम्पत्तिमा कुल पूँजीको अनुपात	प्रतिशत	१२.७४%	१४.२४%	-१.५०%
निष्कृय कर्जाको कुल कर्जासँगको अनुपात	प्रतिशत	३.९१%	२.७८%	१.१३%

शेयरधनी कोष गणनामा अग्राधिकार शेयर पूँजी समावेश गरिएको छैन ।

भविष्यका योजनाहरु

यस बैंकको भविष्यका प्रमुख योजनाहरु निम्नानुसार रहेका छन् ।

(१) बैंकले प्रवाह गर्ने सेवालाई छिटो, छरितो र ग्राहकमुखी बनाउन विशिष्टीकृत सेवाको लागि कार्यालयहरु किटान गरी क्रमिक रुपमा सेवा विस्तार गरिने छ ।
(२) बैंकको सेवाको प्रभावकारी बजारीकरणको लागि बैंकको ब्राण्ड मार्केटिङ गर्न Marketing and Communication Strategies तयार गरी प्रभावकारी रुपमा संचालन गरिने छ ।
(३) Focus in One, Open to All (एउटालाई प्राथमिकता, सबैलाई खुल्ला) को रणनीति अनुसार बैंकका प्रत्येक शाखामा व्यवसायिक रुपले सम्भाव्य ठहरिएको कृषि उत्पादन, प्रशोधन, बजारीकरणसँग सम्बन्धित एक उत्पादन छनौट गरी प्राथमिकताका साथ कर्जा लगानी वृद्धि गरिने छ ।
(४) वैदेशिक रोजगारबाट पर्याप्त Exposure र सीप सहित स्वदेश फर्कि स्वरोजगार हुन खोज्ने युवाहरुलाई प्राथमिकताका साथ कृषि र गैह्रकृषि क्षेत्रको उद्यम सञ्चालनका लागि कर्जा लगानी गरिने छ ।
(५) कर्जा प्रवाह, स्वीकृती र कागजात व्यवस्थापन प्रकृयालाई छिटो, छरितो, सहज बनाई गुणस्तर वृद्धि गर्न केन्द्रिय स्तरबाट मात्र कर्जा स्वीकृत गर्ने कार्यलाई क्रमिक रुपमा लागु गर्दै लगिने छ । केन्द्रिय/प्रादेशिक नियन्त्रण प्रणालीलाई व्यवस्थित बनाउन Document :anagement System (DMS) तथा Credit Processing System सम्बन्धी Software लाई आवश्यकता अनुसार अद्यावधिक गरी कार्यान्वयन गरिने छ ।
(६) बैंकिङ व्यवसायमा अन्तरनिहीत जोखिमहरूको पहिचान, मापन, अनुगमन, नियन्त्रण र न्यूनीकरण गर्दै सरल, शिघ्र, सुरक्षित, प्रतिस्पर्धी एवं नाफामुलक सेवा संचालन गरिनेछ ।
(७) Green Financing को अवधारणा अनुरुप वातावरण अनुकुल कर्जा प्रवाह नीति क्रमशः अवलम्बन गर्दै लगिनेछ ।
(८) ग्रामीण अर्थतन्त्र, बैदेशिक रोजगार र उद्यमशीलतामा संलग्न अधिकांश नागरिकसम्म विद्युतीय वस्तु एवं सेवाको पहुँच पुरयाउन Digital Literacy for Financial Inclusion भन्ने नाराका साथ Digital Financinal Literacy Program का साथै Digital Products को विकास र बिस्तार गरि कार्यक्रम संचालन गरिनेछ ।
(९) सम्भाव्यताको आधारमा कृषि, जलविद्युत, पर्यटन तथा अन्य क्षेत्रका ठूला परियोजनाहरुमा लगानी विस्तार गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।
(१०) कुल निक्षेपमा स्थायी प्रकृतिको न्यून लागतको निक्षेप भार वृद्धि गर्दै निक्षेपको मिश्रणलाई भरपर्दो तथा दिगो बनाउने नीति लिई कार्यक्रम संचालन गरिने छ ।
(११) भारत लगायत तेस्रो मुलुकबाट विप्रेषण आप्रवाहलाई प्रभावकारीरुपमा बैंकिङ्ग प्रणाली मार्फत कारोवार बढाउने कार्यलाई निरन्तरता दिईनेछ ।
(१२) बैंकले विभिन्न दातृ निकाय तथा एजेन्सीसँग समन्वय, सहकार्य तथा सम्झौता गरी कम लागतको दीर्घकालीन पूँजी स्रोत परिचालन गर्ने वातावरण सिर्जना गरिनेछ ।
(१३) व्यवसायिक संभावना भएका अधिक आर्थिक कारोबार हुने नेपाल सरकारका राजस्व केन्द्रहरु जस्तै मालपोत, राजश्व, अस्पताल, विश्वविद्यालय जस्ता निकायहरूसँग व्यवसायीक सम्बन्ध बिस्तार गरी निक्षेप संकलन गरिने छ ।
(१४) नियमहरुको परिपालना गरी दीगो रुपमा प्रतिस्पर्धात्मक आधुनिक बैंकिङ्ग सेवा प्रदान गर्ने सम्बन्धमा बैंकले प्रयोग गर्दै आएको Core Banking System (CBS) लाई थप सुरक्षित बनाउन Cyber Security का राष्ट्रिय तथा अन्तर्राष्ट्रिय Best Practices अपनाई भरपर्दो, सवल, विश्वसनीय र जोखिम रहित गराउने कार्यलाई प्राथमिकता दिई तदनुरुपका कार्यहरुको थप प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।
(१५) भुक्तानी प्रणालीको विकास सम्बन्धी सूचकहरु (Payment Systems Indicators- PSID) प्रयोग थप प्रभावकारी बनाइनेछ ।

वित्तीय अवस्थाको विवरण (वासलात)

सम्पत्ति	समूह यस वर्ष रु.	समूह गत वर्ष रु.	बैंक यस वर्ष रु.	बैंक गत वर्ष रु.
नगद तथा नगद सरह	५,०७४,३२०,७७३	९,४६३,०५०,४१६	५,०७४,०८३,२४२	९,४६२,४२१,०९२
नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात	१५,२१२,७७९,४५२	१२,८९८,९२३,८०५	१५,२१२,७७९,४५२	१२,८९८,९२३,८०५
बैंक/वित्तीय संस्थामा रहेको मौज्दात	५,२१४,३००,०००	-	५,२१४,३००,०००	-
डेरीभेटिभ् वित्तीय साधनहरु	९,९७२,९१२	१७,५८८,४४८	९,९७२,९१२	१७,५८८,४४८
अन्य व्यापारिक सम्पत्ति	१,२७४,७५७,९४४	१,०१४,३९९,७६४	१,२१६,१४९,३९४	९४३,६५२,८००
बैंक/वित्तीय संस्थालाई प्रदान गरिएको कर्जा तथा सापट	३,२०२,२०३,६१३	४,१३४,५४३,०००	३,२०२,२०३,६१३	४,१३४,५४३,०००
ग्राहकलाई प्रदान गरिएको कर्जा तथा सापट	२०३,६१२,९४९,८६१	१७६,३०३,५६८,१२८	२०३,६१७,०४९,८६१	१७६,३०३,५६८,१२८
धितोपत्रमा गरिएको लगानी	६८,८८९,८५४,६५१	५१,८१८,९१२,१९०	६८,६११,२६२,०६८	५१,६०८,५८७,२४४
चालु कर सम्पत्ति	१३८,८००,५७०	२७८,३१०,०५२	१३९,१३४,७७०	२७६,७०६,१८४
सहायक कम्पनीहरुमा गरिएको लगानी	-	-	२९,०१३,०००	२८,८४०,०००
एसोसियट्समा गरिएको लगानी	-	-	-	-
सम्पत्तिमा गरिएको लगानी	९४३,०८९,०८०	२४८,६४९,५५५	९४३,०८९,०८०	२४८,६४९,५५५
सम्पत्ति तथा उपकरण	२,२४०,८४०,९४६	२,२९३,४१२,२९२	२,२३८,४२५,७४७	२,२९१,०६६,०४९
ख्याती तथा अमूर्त सम्पत्ति	६१,९७१,६२४	१३८,५९०,०७४	६१,९७१,६२४	१३८,५९०,०७४
स्थगन कर सम्पत्ति	-	-	-	-
अन्य सम्पत्ति	५,८०८,९००,३५२	७,३१९,२५१,५४३	५,८०५,९९८,८९४	७,३१७,८४२,६४८
कुल सम्पत्ति	**३११,६८४,७४१,७७८**	**२६५,९२९,१९९,२६७**	**३११,३७५,८३३,६५७**	**२६५,६७०,९७९,०२७**

दायित्व	समुह यस वर्ष रु.	समुह गत वर्ष रु.	बैंक यस वर्ष रु.	बैंक गत वर्ष रु.
बैंक/वित्तीय संस्थाहरुलाई तिर्न बाँकी रकम	१९७,०१८,७६९	२,०९५,९१९,९८७	१९७,०१८,७६९	२,०९५,९१९,९८७
नेपाल राष्ट्र बैंकलाई तिर्न बाँकी रकम	-	-	-	-
डेरीभेटिभ् वित्तीय साधनहरु	-	-	-	-
निक्षेप दायित्व	२४३,६१३,६६७,४६३	१९९,४६७,१३९,५८६	२४३,६२८,६५८,००५	१९९,४८६,६१३,५६७
सापट	२,६६४,५७३,३५२	२,१३६,५६३,७८४	२,६६४,५७३,३५२	२,१३६,५६३,७८४
चालु कर दायित्व	-	-	-	-
व्यवस्थाहरु	-	-	-	-
स्थगन कर दायित्व	३७८,०९७,४५३	५४५,४६३,७९७	३०७,४२३,२३३	४८४,३५८,४९२
अन्य दायित्व	७,९६९,४६२,२०७	७,२०७,६७५,४९९	७,९६०,७९२,२०५	७,२००,३३९,८९६
जारी गरिएको ऋणपत्र	२०,४७७,०२०,३७३	२०,४७३,५३०,२६३	२०,४७७,०२०,३७३	२०,४७३,५३०,२६३
सुरक्षण नराखिएको सहायक दायित्व	-	-	-	-
कुल दायित्व	**२७५,२९९,८३९,६१७**	**२३१,९२६,२९२,९१६**	**२७५,२३५,४८५,९३७**	**२३१,८७७,३२५,९८९**
इक्विटी				
शेयर पूँजी	१८,८८४,३८६,०७८	१८,८८४,३८६,०७८	१८,८८४,३८६,०७८	१८,८८४,३८६,०७८
शेयर प्रिमियम				
सञ्चित मुनाफा	२,२००,१६३,६४३	१,३१०,९८६,८३६	२,१३६,०८७,५७४	१,२४३,१६८,६१३
कोषहरु	१५,२८३,७८४,१९४	१३,७९०,६०१,२६६	१५,११९,४७४,०६८	१३,६६६,०९८,३४७
शेयरधनीहरुको कुल हित	३६,३६८,३३३,९१५	३३,९८५,९७४,१८०	३६,१३९,९४७,७२०	३३,७९३,६५३,०३८
अल्पसंख्यक समूहको हित	१६,५६८,२४६	१६,९३२,१७१		
कुल इक्विटी	३६,३८४,९०२,१६१	३४,००२,९०६,३५१	३६,१३९,९४७,७२०	३३,७९३,६५३,०३८
कुल इक्विटी र दायित्व	**३११,६८४,७४१,७७८**	**२६५,९२९,१९९,२६७**	**३११,३७५,८३३,६५७**	**२६५,६७०,९७९,०२७**
सम्भावित दायित्व तथा प्रतिवद्धता	१६६,१५७,६९१,१७८	१२२,०५२,९०५,०७३	१६६,१५७,६९१,१७८	१२२,०५२,९०५,०७३
प्रति शेयर खुद सम्पत्ति मूल्य	**२२७.५५**	**२१२.२७**	**२२५.८५**	**२१०.८४**

नाफा/नोक्सान हिसावको विवरण

विवरण	समूह यस वर्ष रु.	समूह गत वर्ष रु.	बैंक यस वर्ष रु.	बैंक गत वर्ष रु.
ब्याज आम्दानी	२७,५७१,५१९,९९८	२३,९४९,०९४,७८८	२७,५७१,३४७,९४३	२३,९४८,६६४,७५५
ब्याज खर्च	१७,०१७,२८१,४८५	१५,७५१,६६७,६९१	१७,०१८,५६६,००२	१५,७५३,०२५,७५१
खुद ब्याज आम्दानी	१०,५५४,२३८,५१३	८,१९७,४२७,०९७	१०,५५२,७८१,९४१	८,१९५,६५९,००४
फि तथा कमिशन आम्दानी	१,६७२,३६८,५८७	१,३७१,८५९,१७५	१,६७२,३६८,५८७	१,३७१,८५९,१७५
फि तथा कमिशन खर्च	२३२,७६५,३९३	२१३,६४९,१९५	२३२,७६५,३९३	२१३,६४९,१९५
खुद फि तथा कमिशन आम्दानी	१,४३९,६०३,१९४	१,१५८,२०९,९८०	१,४३९,६०३,१९४	१,१५८,२०९,९८०
खुद ब्याज, फि तथा कमिशन आम्दानी	११,९९३,८४१,७०७	९,३५५,६३७,०७७	११,९९२,३८५,१३५	९,३५३,८६८,९८४
खुद व्यापारिक आम्दानी	५४,४२४,२२८	१३९,०८७,३५०	५८,५९३,६८२	११५,५२१,३१८
अन्य संचालन आम्दानी	१६९,४४७,२२७	२२८,९८३,७२१	१६९,२९८,७३१	२२८,८४८,०७५
कुल संचालन आम्दानी	१२,२१७,७१३,१६२	९,७२३,७०८,१४८	१२,२२०,२७७,५४८	९,६९८,२३८,३७७
कर्जा तथा अन्य नोक्सानी व्यवस्था/(उल्ट्याइएको)	२,४५२,१६७,०७७	१,४५८,१७३,७९३	२,४५२,१६७,०७७	१,४५८,१७३,७९३
खुद संचालन आम्दानी	९,७६५,५४६,०८५	८,२६५,५३४,३५५	९,७६८,११०,४७१	८,२४०,०६४,५८४
संचालन खर्च				
कर्मचारी खर्च	४,१६१,८२०,१४२	३,६२३,७३९,९१७	४,१५८,३०२,२२९	३,६२०,७२६,४३४
अन्य संचालन खर्च	९९५,८२८,०६४	९९६,३८४,३८५	९९४,४२२,५७३	९९५,६९०,०३६
ह्रासकट्टी तथा परिशोधन	४७६,५७०,१४२	४८७,१२१,७५८	४७६,५२७,६४५	४८७,०८४,०५०
संचालन मुनाफा	४,१३१,३२७,७३७	३,१५८,२८८,२९५	४,१३८,८५८,०२४	३,१३६,५६४,०६४
गैर संचालन आम्दानी	११,३४५,३३०	४,६८५,४२३	११,३४५,३३०	४,६८५,४२३
गैर संचालन खर्च	४७,०४८,९१७	२६,३६६,२४४	४७,०४८,९१७	२६,३६६,२४४
आयकर अघिको मुनाफा	४,०९५,६२४,१५०	३,१३६,६०७,४७४	४,१०३,१५४,४३७	३,११४,८८३,२४३
आयकर खर्च	१,२००,९५९,७०७	१,७९७,०२०,८६०	१,२०५,६६६,६३६	१,७९१,४७२,१९१
चालु कर	१,१४९,६८०,३०३	१,६३४,०३०,७८०	१,१४७,३७०,०१५	१,६३३,०७८,५६७
स्थगन कर	५१,२७९,४०४	१६२,९९०,०८०	५८,२९६,६२१	१५८,३९३,६२४
यस अवधिको नाफा	२,८९४,६६४,४४३	१,३३९,५८६,६१४	२,८९७,४८७,८०१	१,३२३,४११,०५२
मुनाफाः				
बैंकको इक्विटीहोडरको लागि	२,८९५,०२८,३६८	१,३३८,४३६,२७८	२,८९७,४८७,८०१	१,३२३,४११,०५२
अल्पसंख्यक समूहको लागि	(३६३,९२५)	१,१५०,३३६		-
यस अवधिको नाफा	२,८९४,६६४,४४३	१,३३९,५८६,६१४	२,८९७,४८७,८०१	१,३२३,४११,०५२
प्रति शेयर आम्दानी				
बेशिक प्रति शेयर आम्दानी	१९.१०	७.५४	१९.१२	७.४२
डाइलुटेड् प्रति शेयर आम्दानी	१९.१०	७.५४	१९.१२	७.४२

अन्य विस्तृत आम्दानीको विवरण

विवरण	समूह यस वर्ष रु.	समूह गत वर्ष रु.	बैंक यस वर्ष रु.	बैंक गत वर्ष रु.
यस अवधिको नाफा	२,८९४,६६४,४४३	१,३३९,५८६,६१४	२,८९७,४८७,८०१	१,३२३,४११,०५२
अन्य विस्तृत आम्दानी, कर पछिको खुद				
क) नाफा/नोक्सान हिसावमा पुनवर्गिकरण नहुने शीर्षकहरु				
इक्विटी लगानीको फेयर भ्याल्यु मापनको कारणले भएको नाफा/(नोक्सान)	(३८०,६२५,७९०)	२,१२२,८८१,४०९	(४३५,९१२,८९७)	१,९४५,२९९,३८७
पुनर्मूल्यांकनमा नाफा/(नोक्सान)				
परिभाषित लाभ योजनामा एक्चुरियल नाफा/(नोक्सान)	(३५०,६८५,१०२)	(६६५,१२७,४८२)	(३५०,६८५,१०२)	(६६५,१२७,४८२)
माथिका शीर्षकहरुसँग सम्बन्धित आयकर	२१९,३९३,२६८	(४२८,२९८,९६२)	२३५,९७९,४००	(३८४,०५१,५७२)
नाफा/नोक्सान हिसावमा पुनवर्गीकरण नहुने खुद अन्य विस्तृत आम्दानी	**(५११,९१७,६२४)**	**१,०२९,४५४,९६५**	**(५५०,६१८,५९९)**	**८९६,१२०,३३३**
ख) नाफा/नोक्सान हिसावमा पुनवर्गीकरण हुने वा हुनसक्ने शीर्षकहरु				
सटही नाफा/(नोक्सान) (विदेशी संचालनको वित्तीय सम्पत्ति रुपान्तरणबाट भएको				
माथिका शिर्षकहरुसँग सम्बन्धित आयकर				
नाफा/नोक्सान हिसावमा पुनवर्गीकरण				
नाफा/नोक्सान हिसावमा पुनवर्गीकरण हुने वा हुनसक्ने खुद अन्य विस्तृत आम्दानी				
ग) एसोसियट्सको इक्विटी विधिबाट लेखांकन गरिएको अन्य विस्तृत आम्दानीको हिस्सा				
यस अवधिको अन्य विस्तृत आम्दानी, कर पछिको खुद	**(५११,९१७,६२४)**	**१,०२९,४५४,९६५**	**(५५०,६१८,५९९)**	**८९६,१२०,३३३**
यस वर्षको कुल विस्तृत आम्दानी	**२,३८२,७४६,८१९**	**२,३६९,०४१,५७९**	**२,३४६,८६९,२०२**	**२,२१९,५३१,३८५**
कुल विस्तृत आम्दानी				
बैंकको इक्विटी होल्डरको लागि	२,३८३,११०,७४४	२,३६७,८९१,२४३	२,३४६,८६९,२०२	२,२१९,५३१,३८५
अल्पसंख्यक समूहको लागि	(३६३,९२५)	१,१५०,३३६	-	-
यस अवधिको कुल विस्तृत आम्दानी	**२,३८२,७४६,८१९**	**२,३६९,०४१,५७९**	**२,३४६,८६९,२०२**	**२,२१९,५३१,३८५**

नगद प्रवाह विवरण

विवरण	समूह यस वर्ष रु.	समूह गत वर्ष रु.	बैंक यस वर्ष रु.	बैंक गत वर्ष रु.
कारोबार संचालनबाट नगद प्रवाह				
ब्याज आम्दानी	२६,७५९,०८५,७७८	२३,३४९,६३५,५३४	२६,७५८,९१३,७२३	२३,३४९,२२५,५०१
कमिशन तथा अन्य आम्दानी प्राप्त	१,६७२,३६८,५८७	१,३७१,८५९,१७५	१,६७२,३६८,५८७	१,३७१,८५९,१७५
लाभांश प्राप्त				
अन्य कारोबार संचालनबाट प्राप्त	१८८,७५६,१६१	३१७,९४७,०१२	१९२,८९४,६६३	२९४,३७९,५५३
ब्याज खर्च	(१७,११६,२५४,५८२)	(१५,५६६,९३४,७७४)	(१७,११७,५३९,०९९)	(१५,५६८,२९२,८३४)
कमिशन तथा फि खर्च	(२२९,२७५,२८३)	(२०९,१५६,४६१)	(२२९,२७५,२८३)	(२०९,१५६,४६१)
कर्मचारी खर्च	(४,३५५,७२८,०२८)	(४,१७१,७०१,५४४)	(४,३५२,०८१,९२६)	(४,१६८,६८८,०६१)
अन्य खर्च	(१,०४२,८७६,९८१)	(१,०२२,७५०,६२९)	(१,०४१,४७१,४९०)	(१,०२२,०५६,२८०)
संचालन सम्पत्ति तथा दायित्व परिवर्तन अघिको संचालन नगद प्रवाह	५,८७६,०७५,६५२	४,०६८,८९८,३१३	५,८८३,८०९,१७५	४,०४७,२७०,५९३
संचालन सम्पत्तिमा कमी/(वृद्धि)				
नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात	(२,३१३,८५५,६४७)	(८८७,५४७,१३८)	(२,३१३,८५५,६४७)	(८८७,५४७,१३८)
बैंक/वित्तीय संस्थामा रहेको मौज्दात	(५,२१४,३००,०००)	१२७,९००,०००	(५,२१४,३००,०००)	१२७,९००,०००
अन्य व्यापारिक सम्पत्ति	(२५८,९८२,२६८)	३४७,२६१,४८७	(२७२,४९६,५९४)	१७३,२२०,१७८
बैंक/वित्तीय संस्थालाई प्रदान गरिएको कर्जा रकम	९४३,६६३,३४७	(११,००५,६७८)	९४३,६६३,३४७	(११,००५,६७८)
ग्राहकहरुलाई प्रदान गरिएको कर्जा रकम	(२९,६५४,८७८,०७५)	(३,८४३,२२४,५२१)	(२९,६५८,९७८,०७५)	(३,८४३,२२४,५२१)
अन्य सम्पत्ति	१,५१७,९६६,७२७	(२,२८१,१०७,०१९)	१,५१९,४५९,२९१	(२,२८०,३३१,२३६)
संचालन दायित्वमा कमी/(वृद्धि)	**(३४,९८०,३८५,९१६)**	**(६,५४७,७२२,८६९)**	**(३४,९९६,५०७,६७८)**	**(६,७२०,९८८,३९५)**
बैंक/वित्तीय संस्थाहरुलाई तिर्न बाँकी रकम	(१,८९८,९०१,२१८)	(५,९०२,८२२,४२०)	(१,८९८,९०१,२१८)	(५,९०२,८२२,४२०)
नेपाल राष्ट्र बैंकलाई तिर्न बाँकी रकम	-	(९,७७७,१३७,१३२)	-	(९,७७७,१३७,१३२)
निक्षेप दायित्व	४४,१४६,५२७,८७७	३२,८९६,३३४,४२९	४४,१४२,०४४,४३८	३२,८९६,३४७,३५१
सापट	५२८,००९,५६८	३५९,३५२,२७२	५२८,००९,५६८	३५९,३५२,२७२
अन्य दायित्व	८७१,५६१,२५८	७०४,१३१,६७६	८७०,०९८,६७१	६९५,२२१,२३८
कारोबार संचालनबाट कर भुक्तानी अधिको खुद नगद प्रवाह	१४,५४२,८८७,२२१	१५,८०१,०३४,२६९	१४,५२८,५५२,९५६	१५,५९७,२४३,५०७
आयकर भुक्तानी	(१,०१०,१७०,८२१)	(१,१५३,१३५,३०३)	(१,००९,७९८,६०१)	(९४३,४६८,९९१)
कारोबार संचालनबाट खुद नगद प्रवाह	१३,५३२,७१६,४००	१४,६४७,८९८,९६६	१३,५१८,७५४,३५५	१४,६५३,७७४,५१६
लगानी कारोवारमा नगद प्रवाह				
धितोपत्र लगानी खरिद	(१७,६३४,३८१,३४६)	(९,७४९,५३०,५४२)	(१७,६२१,५७३,८१६)	(९,७५५,३५१,६६३)
धितोपत्र लगानी बिक्रीबाट प्राप्त	७७,७८०,५६४	-	७७,७८०,५६४	-
सम्पत्ति तथा उपकरण खरिद	(३४५,०७९,२९९)	(४५७,२७५,१३७)	(३४४,९६७,८४६)	(४५७,१९५,३४७)
सम्पत्ति तथा उपकरण बिक्रीबाट प्राप्त				
अमुर्त सम्पत्ति खरिद	(२,३०१,०४७)	(४,६९३,९५०)	(२,३०१,०४७)	(४,६९३,९५०)
अमुर्त सम्पत्ति बिक्रीबाट प्राप्त				
सम्पत्तिमा गरिएको लगानी				
सम्पत्तिमा गरिएको लगानी बिक्रीबाट				
ब्याज आम्दानी				
लाभांश आम्दानी	४६,४६०,६२४	५४,८०९,४८२	४६,३४३,०८०	५४,६७५,२६३
लगानी कारोवारमा खुद नगद प्रवाह	(१७,८५७,५२०,५०४)	(१०,१५६,६९०,१४७)	(१७,८४४,७१९,०६५)	(१०,१६२,५६५,६९७)
वित्तीय कारोवारबाट नगद प्रवाह				
ऋणपत्र जारीबाट प्राप्त				
ऋणपत्र भुक्तानी				
सुरक्षण नराखिएको सहायक दायित्व प्राप्त				
सुरक्षण नराखिएको सहायक दायित्व भुक्तानी				
शेयर निष्काशनबाट प्राप्त				
लाभांश भुक्तानी	(६३,९२५,५३९)	(१,५८८,६८८,४९४)	(६२,३७३,१४०)	(१,५८८,६८८,४९४)
ब्याज भुक्तानी				
अन्य आम्दानी र भुक्तानी				
वित्तीय कारोवारबाट खुद नगद प्रवाह	(६३,९२५,५३९)	(१,५८८,६८८,४९४)	(६२,३७३,१४०)	(१,५८८,६८८,४९४)
नगद तथा नगद सरहमा कमी/(वृद्धि)	**(४,३८८,७२९,६४३)**	**२,९०२,५२०,३२५**	**(४,३८८,३३७,८५०)**	**२,९०२,५२०,३२५**
नगद तथा नगद सरह, श्रावण १, २०७९	९,४६३,०५०,४१६	६,५६०,५३०,०९१	९,४६२,४२१,०९२	६,५५९,९००,७६७
विनिमय दरमा भएको फरकबाट नगद तथा नगद सरहमा असर				
नगद तथा नगद सरह, आषाढ अन्तिम २०८०	**५,०७४,३२०,७७३**	**९,४६३,०५०,४१६**	**५,०७४,०८३,२४२**	**९,४६२,४२१,०९२**

आर्थिक वर्ष २०८०/०८१ को लेखापरीक्षण प्रतिवेदनमा उल्लेखित प्रमुख कैफियत सम्बन्धमा संचालक समितिको निर्णय :

आर्थिक वर्ष २०८०/०८१ को लेखापरीक्षण प्रतिवेदनमा उल्लेखित कैफियतहरुको सुधार लेखापरिक्षकको सुझाव अनुरुप नै गरिने छ । संक्षिप्त वार्षिक आर्थिक विवरण लेखापरीक्षण भएको वित्तीय विवरण र सञ्चालक समितिको प्रतिवेदन अनुरुप छ ।

कृषि विकास बैंक लिमिटेड
मुख्य कार्यालय, रामशाहपथ, काठमाडौं
फोन नं. ०१-५७२११०७